महिला तथा बालबालिका विभागअन्तर्गत महिला तथा बालबालिका कार्यालय काठमाडौँ को सेवा प्रवाहमा जवाफदेहिता बढाउन विभागका महानिर्देशक र प्रमुख महिला विकास अधिकृतबीच सम्पन्न कार्यसम्पादन सम्झौता

१. भूमिका

महिला तथा बालबालिका कार्यालय, काठमाडौँ का सेवाहरू आर्थिक, सामाजिक, शैक्षिक रूपमा वञ्चितीकरणमा परेका समस्त ग्रामीण महिला, बालबालिका र बेचबिखन, हिंसा, शोषण, दुर्व्यवहार, बेवास्तामा वा त्यस्तो कुनैको जोखिममा परेर राज्यको संरक्षण आवश्यक हुने जुनसुकै महिलामा केन्द्रित छन् । जिल्ला विकास समिति काठमाडौँको आ.व. ०७१।७२ को वार्षिक जिल्ला विकास योजनाको प्रतिवेदनअनुसार काठमाडौँ जिल्लामा महिला जनसङ्ख्या जम्मा ८३१२३९ देखिन्छ । जिल्लामा २० वर्षमाथिका कहिल्यै विद्यालय नगएका वा गए तापनि प्रवेशिका परीक्षासम्म पनि उत्तीर्ण गर्न नसकेका शैक्षिक रूपमा विपन्न ग्रामीण महिला १३ प्रतिशत रहेको अनुमान छ । त्यसबाट अर्काको उपज वा श्रममा आधारित व्यवसाय भएका, समुदायका अरूहरूकोसँग बाझिने आकांक्षा राखेका र आफ्नो स्वतन्त्र रोजाइले कार्यक्रममा सहभागी हुन नचाहने अनुमानित २० प्रतिशत घटाउँदा कार्यालयले सेवा दिनुपर्ने महिलाको सङ्ख्यामात्र पुगनपुग १ लाख हुन्छ ।

कार्यालयले लक्षित महिलाको सशक्तीकरणको न्यूनतम स्तर हासिल गर्ने गरी महिला विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ । न्यूनतम सशक्तीकरणका पाँचवटा पक्ष - लैङ्गिक समता, प्रजनन स्वस्थता, जीवनोपयोगी शिक्षा, पुगीसरी सम्पन्नता र संस्थागत सहभागिता - नै कार्यक्रमका प्राथमिकता हुन् । कार्यक्रमअन्तर्गतका कियाकलापहरू सशक्तीकरणसँगै मूलप्रवाहीकरण र समावेशीकरणका आयाममा विस्तारित छन् । बालअधिकारको संवर्धन कार्यक्रमको अभिन्न भाग रहिआएको छ । नेपाल सरकारबाट २०६० साल साउन ५ गते कार्यालयलाई महिला र बालबालिकाका साथै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं गैरसरकारी संस्थाको सम्पर्क निकाय तोकिएयता तदनुसारका सेवासमेत कार्यक्रममा एकीकृत गरिएका छन् ।

जिल्लामा ९ नगरपालिकामा कार्यक्रम पुगेको छ । कार्यक्रममा करिब १८ हजार लक्षित महिला सहभागी भइरहेका छन्, जो छरपस्ट नभएर छिमेकमा समूह, वडामा समिति र गाउँपालिकामा सहकारी संस्थाको रूपमा गोलबन्द छन् । गाउँस्तरीय महिला संस्थाहरू स्वावलम्बन र पारस्परिकताको भावनाअनुरूप कार्यक्रमका उपलब्धिहरूलाई अक्षुण्ण राख्ने माध्यमसमेत बनेका छन् । मौलिकता कार्यक्रमको विशेषता हो । महिला सशक्तीकरणमा सहकारी विधिहरूको अनुपम प्रयोगको अर्थमा पनि कार्यक्रमलाई महत्वपूर्ण मान्न सकिन्छ । कार्यक्रमका सहभागितामूलक विधिविधा जतिसुकै विपन्न भए तापनि महिलाको सामुदायिक भूमिका बढाएर नीरस दैनिकी बदल्न, अर्थोपार्जनका गतिविधिहरू विस्तार गरेर अभावको घेरा उल्लङ्घन गर्न र साङ्गठनिक विकास गरेर विभेदप्रतिपक्षीय सामाजिक शक्ति सिर्जना गर्न व्यवहारसिद्ध भएका छन् । कार्यमूलक अनुसन्धान, नयाँ प्रयोग र समयानुकूल परिष्कारसमेत गर्दै व्यक्तित्व विकासको नियमित अवसर गुमाएर अनवरत बुहार्तनमा

प्रमुख महिला विकास अधिकृत

महा-निर्देशक

हराइरहेका हजारौँ लक्षित महिलाको सिर्जनाबाट जिल्लाव्यापी रूपमा पिछडिएका क्षेत्रको द्रुततर उन्नयन र समतामय परिवर्तन सुगम दृष्टिगोचर भइरहेको छ ।

२. लक्षित वर्गको अपेक्षा

कार्यालयको सेवाप्रतिको सामाजिक अपेक्षा यति नै हो भनेर निश्चयसाथ भन्न नसकिए तापनि प्रारम्भिक प्रयोजनका लागि देहायबमोजिम राख्न सकिन्छ :

- अनभिज्ञ, विभेदित, लघुताभासको अवस्थाबाट जान्ने-सुन्ने, व्यक्तित्व विकास गर्ने, केही गरेर देखाउने प्रोत्साहनजनक, आत्मविश्वासदायी, प्रयासपूर्ण जीवन;
- निरपेक्ष गरिबीको ऋणग्रस्तता, अभाव, पिरलोको अवस्थाबाट आफ्नै गामठाममा जीविकोपार्जनको भरपर्दो आधार सिर्जना गर्ने अवसर र
- आपत्, दुर्व्यवहार, अत्याचारमा पर्दा वा पर्न लाग्दा संरक्षण, न्यायमा पहुँच, पुनरारम्भ प्रेरणाको प्रत्याभूति ।

३. चुनौती र अवसर

आम विपन्न महिला तथा बालबालिकाको भागीदारी रहेको कार्यालयको कार्यक्रममा सबैको पहुँच स्थापित गराएर त्यसका सम्भावनाहरू हासिल गर्ने सिलसिलामा कतिपय चुनौतीसँगै अवसरहरू विद्यमान छन् ।

क. चुनौती

क(१) कार्यक्रमको प्रसार

हालसम्म ९ वटा नगरपालिका पुगिएको भए तापनि झन्डै ८२ प्रतिशत लक्षित वर्ग छुटिराखेका छन् । वडा नै पनि ६३ वटामा पुग्न बाँकी छ । यथाशक्य चाँडो सर्वत्र कार्यक्रम लगेर बाँकी सबैजनालाई सहभागी गराउनुपर्नेछ ।

क(२) गुणात्मक सहभागिता

सक्रियता वैयक्तिक छनौटको उपज हुन्छ । सामाजिक परिचालनको स्वाभाविक गतिलाई उछिन्न खोजे निष्क्रिय सदस्यता निम्तिने गर्दछ । अल्पकालीन आकर्षणविना नै समूह सदस्यताको आधार फराकिलो बनाउनुपर्नेछ ।

क(३) व्यावसायिकताको विकास

आर्थिक क्रियाकलापको व्यवसायीकरण नै विपन्नताबाटको निकास हो । विपन्न महिलालाई सङ्गठित गरेर व्यावसायिक ग्राम बसाल्न सके आयतन एवं उछिनपाछिनका कारण प्रतिस्पर्धात्मक फाइदा मिल्ने हुन्छ । जोकोही व्यवसायी बन्न सक्तैनन् भन्ने आम धारणाविपरीत सबैलाई व्यवसायी बनाउने अभियान चलाउनुछ ।

प्रमुख महिला विकास अधिकृत

महा-निर्देशक

क(४) प्राप्तिको संस्थागतीकरण

लक्षित महिलाका समूहहरू एकाकार भएर बनेका सहकारी संस्थाहरू सशक्तीकरणको प्रक्रियालाई उत्तरोत्तर जारी राख्ने माध्यम हुन् । हालसम्म २६ वटा महिला संस्थाहरू दर्ता भइसकेका छन् भने थप ५ वटा दर्ताको क्रममा रहेका छन् । प्रवर्धित प्रत्येक संस्थालाई आयमूलक व्यावसायिक सेवाहरू विस्तार गरेर पछिसम्म खर्चजन्य सामाजिक सेवाहरू निरन्तर राख्न समर्थ तुल्याउनुछ ।

क(५) स्रोतको यथाउपयोग

सशक्तीकरणका लागि स्रोतको न्यूनता र अधिकता दुवै वाञ्छनीय होइनन् । अघिल्लो अवस्था निराशाजनक हुन्छ भने पछिल्लो अवस्थामा परमुखापेक्षी प्रवृत्ति देखा पर्दछ । स्वावलम्बन र पारस्परिकताको भावनालाई प्रोत्साहन मिल्ने गरी स्रोतको महत्तम उपयोग गर्न सक्नुपर्नेछ ।

क(६) रणनीतिक अभिमुखीकरण

महिला सशक्तीकरण, बालअधिकारको प्रचलन र सामाजिक सुरक्षा फराकिला फाँट हुन् । प्रायशः सबथोक गर्न खोज्दा विशेष केही गर्न नसकिने खण्ड परिरहेको हुन्छ । व्यापक कार्यक्षेत्रभित्र रणनीतिक प्राथमिकता पहिल्याएर परिणामी प्रयास गर्नुपर्नेछ ।

क(७) साङ्गठनिक नवीकरण

सशक्तीकरणका प्रक्रियाहरूको सहजीकरणमा कार्यालय सबै सरोकारवाला निकायमाझ सहकार्यलाई बढवा दिने खालको सञ्जालीकरणमा पनि त्यत्तिकै प्रभावकारी बन्नुपर्ने भएको छ । लक्षित समूहको परिवर्तित आवश्यकता पूरा गर्न सक्ने गरी पेसागत ज्ञानोपार्जन, साङ्गठनिक सिकाइ एवं प्रविधि-सहायताकृत कार्यसञ्चालनतर्फ जोड दिनुपर्ने देखिन्छ । साङ्गठनिक विकासको प्रक्रममा खुला, जुधारु, पारिवारिक साँस्कृतिक मौलिकता जोगाइराख्नुपर्ने पनि छ ।

ख. अवसर

ख(१) नीतिगत कार्यान्वयन

यता लैङ्गिक समानता राष्ट्रिय आकांक्षा बनिरहेको छ । महिला विकास कार्यक्रमलाई प्राथमिक शिक्षासँग पनि तुलना गर्ने गरिन्छ । महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूको अधिकार सुनिश्चित गर्नका लागि बनेका नीति र कानुनबमोजिम कार्य हुनुपर्नेमा सबैको चासो त्यत्तिकै सकारात्मक छ ।

प्रमुख महिला विकास अधिकृत

प्रमुख-प्रशासक

ख(२) बढ्दो संवेदनशीलता

शिक्षा-दीक्षाको प्रभाव पनि होला - अघिभन्दा सामाजिक मान्यता फरक भएको छ । महिला सशक्तीकरणमा पुरुषजनको समर्थन जुट्दैछ । बालअधिकारप्रतिको जागरण पनि देखा पर्दैछ ।

ख(३) नवपुस्ताको आकर्षण

सशक्तीकरणको प्रयोजनार्थ लक्षित समूहलाई स्वामित्व दिने महिला विकास कार्यक्रमको तरिका युवा-मैत्री पनि देखिएको छ । फलतः कार्यक्रममा नवविवाहिताका साथै विद्यालयविमुख किशोरीहरू उत्साहजनक रूपमा सम्मिलित भइरहेका छन् । नवपुस्ताको आकांक्षाअनुसार कार्यक्रमको परिवर्धन सुगम बन्दैछ ।

ख(४) विस्तारित सञ्जाल

लैङ्गिक समानताका पक्षमा एकल निकायले काम गर्नुपर्ने अवस्था अब रहेन । जिल्लास्तरका विषयगत निकाय, स्थानीय निकाय, सङ्घ, संस्थाहरूको साझा मोर्चा बनाएर एकीकृत पहल भइरहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाजस्ता विशेषीकृत एकाइ बन्दै छन् ।

ख(५) विकास लगानी

जिल्लामा लैङ्गिक तथा बालअधिकारका लागि बजेट तर्जुमा गर्ने परिपाटी बस्दै छ । स्थानीय निकायका लागि जाने निःशर्त अनुदानको २० प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था गरिएको छ । महिला विकास कार्यक्रमतर्फकै बजेटमा पनि हालसालै उल्लेखनीय बढोत्तरी भएको पाइन्छ ।

४. अभिप्राय

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र महिला तथा बालबालिका विभागको अग्रपङ्क्तिको निकाय महिला तथा बालबालिका कार्यालय नै हो । मन्त्रालय र विभागप्रतिको जनअपेक्षा पूरा गर्नमा कार्यालयको भूमिका महत्वपूर्ण छ । कार्यालय प्रमुखले चुनौतीहरूको सामना र अवसरहरूको उपयोग गर्दै सामाजिक अपेक्षा पूरा गर्ने दिशामा सम्पूर्ण कर्मचारी, सामाजिक परिचालिका र प्रवर्धित महिला समूह, समिति, संस्थाहरूलाई उत्साहित तुल्याउन सक्नुपर्दछ । सिर्जनात्मक प्रयोग, साङ्गठनिक सिकाइ र साँस्कृतिक नवीकरणका प्रकियाहरूलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ । मन्त्रालय र विभागको कार्यादेशबमोजिमका अहम् नतिजा क्षेत्र (Result area) मा कार्यालय प्रमुखको ध्यान केन्द्रित गराउनुका साथै नतिजा प्राप्तिको वस्तुगत आधारमा मूल्याङ्कन गरी प्रोत्साहन दिने वा जवाफदेही तुल्याउने परिपाटी बसाल्ने अभिप्राय यो सम्झौताको हो ।

५. अवधि

यो सम्झौताको अवधि २०७२ साल माघ १ गतेदेखि २०७३ साल पुस मसान्तसम्म एक वर्ष हुनेछ ।

६. अपेक्षित नतिजा

कार्यालय प्रमुखले सम्झौता अवधिभित्र तालिकामा दिइएबमोजिमका नतिजा हासिल गर्नुपर्नेछ ।

तालिका : कार्यसम्पादन नतिजा र प्राप्तिका सूचक

सि.नं.	नतिजा क्षेत्र	समय	सूचक	कैफियत
क.	प्रत्यक्ष सेवा			
(१)	प्रत्येक गाउँपालिकामा लक्षित महिलाकै व्यापक सहभागितामा स्वावलम्बन, पारस्परिकता, व्यावसायिकताका मान्यताअनुसार व्यक्तिगत एवं सामूहिक रूपमा सबै प्रकारका लैङ्गिक भेदभावको अन्त्य, ज्यादतीको प्रतिकार, व्यक्तित्व तथा नेतृत्व विकासको समताजनक अवसर सिर्जना गरेर घरघरै परिवर्तनको अभियान चलाउने सामाजिक शक्तिको रूपमा मानचित्रबमोजिम महिला संस्थाहरूको विकास गराउने	२०७३ पुस	अभिप्राप्ति सङ्घारमाथिका प्रवर्धित संस्था सङ्ख्या : लक्षित महिलाको सञ्चिति, सदस्यतर्फी नगदप्रवाह, सहभागितालगायत आर्थिक-सामाजिक सशक्तीकरणका सातवटा सूचकसहितको अभिप्राप्ति सूचकाङ्कमा ४ वटा महिला संस्थाहरू ६० को सङ्घारमाथि पुग्ने	गाउँपालिका भन्नाले साबिकमा गाउँपालिकाछँदै महिला विकास कार्यक्रम लागू भएका हालका नगरपालिकासमेत सम्झनुपर्दछ ।
(२)	विपन्न महिलाको सशक्तीकरणको मुख्य प्रक्रियाको रूपमा गाउँपालिकाका महिला संस्थाहरूको सङ्गीकृत संरचनाअन्तर्गत प्रत्येक वडामा समूह सदस्यहरू सबैजनाको नियमित सहभागिताको मञ्चको रूपमा रहने समितिहरूले स्थानीय सम्भाव्यताका आधारमा आफ्नो छनौट र योजनाअनुसार सम्बन्धित निकायहरूको प्राविधिक सहयोग जुटाएर बजारमुखी, वातावरण-मैत्री एवं प्रतिस्पर्धात्मक रूपमा संलग्न सदस्यलाई भरपर्दो रूपमा यथासमय गरिबी-रेखामाथिको वार्षिक आम्दानी दिने गरी व्यावसायिक महिला समूहहरू बनाउने	२०७३ पुस	विकासशील व्यावसायिक महिला समूह सङ्ख्या : एकै समितिअन्तर्गत कम्तीमा ३० जना समूह सदस्यले निरन्तर गरिराखेका ३ वटा व्यावसायिक समूह बन्ने	
(३)	लक्षित महिलाको साङ्गठनिक विकासको अभिन्न भागको रूपमा निगरानी समूह, समितिहरूको सक्रियतामा महिला तथा बालबालिकाउपर परिवारभित्रै वा बाहिर हुने सबैथरी हिंसाको रोकथाम, तत्काल हस्तक्षेप, संरक्षण एवं न्यायमा पहुँचका लागि जो-चाहिने छिमेकी सहयोग जुटाउने गरी समुदायमा आधारित संरक्षण प्रणालीको स्थापना गर्ने	२०७३ पुस	संरक्षण सेवा एकीकृत संस्था सङ्ख्या : जम्मा ३ वटा महिला संस्थामार्फत संस्थाको अगुवाइ, निगरानी समूह, समितिको सक्रियता र जिल्ला तहसम्मका सेवा-प्रदायकहरूसँगको सञ्जालीकरणमा समुदायमा महिला तथा बालबालिकाको संरक्षणका साथै सेवा केन्द्रको रूपमा सेवाहरू सुलभ हुने	
ख.	सिर्जनात्मक पहल			
(४)	प्रवर्धित समूह, समिति, संस्थाहरूको विवरण अद्यावधिक गरी व्यवस्थित तुल्याउने	२०७३ असार	अद्यावधिक विवरण : विभागबाट निर्दिष्ट गरिएबमोजिमका विवरण अद्यावधिक भइसक्ने	
(५)	कार्यस्थलमा देखिएका समस्याहरूको खोजीनिती गरेर कैरन (Case), भूमिका (Role), लगायत प्रशिक्षणका लागि उपयोगी अभ्यास सामग्री तयार पारी विभागमा पठाउने	२०७३ कात्तिक	अभ्यास सामग्री : व्यवसाय प्रवर्धन, संस्थागत विकास र सामुदायिक संरक्षण प्रशिक्षणका लागि तीन-तीनवटा सामग्री प्रस्ताव गरिएको हुने	
(६)	महिला विकास कार्यक्रमअन्तर्गतका उत्कृष्ट अभ्यासहरूका साथै सिकाइसमेत समावेश गरी प्रगति प्रतिवेदन तयार गर्ने	२०७३ कात्तिक	प्रगति प्रतिवेदन : प्रगति प्रतिवेदन तयार भई प्रकाशन एवं वितरण भएको हुने	

महा-निर्देशक

ग.	नियमित कार्यक्रम			
(७)	आमाबाबु गुमाएर वा अन्यथा सङ्कटापन्न अवस्थाका बालबालिकालाई आफू जन्मेकै ठाम, आफ्नै सँगाती र आफन्ती परिवेशमा बस्ने, हुर्कने अनि शिक्षा-दीक्षा पाएर व्यक्तित्व विकास गर्ने अवसर दिलाउने गरी सामुदायिक रेखदेखमा पारिवारिक संरक्षण सेवाको पूर्वपरीक्षण गर्ने	२०७३ असार	सेवा परीक्षण : १ गाउँपालिकामा परीक्षणको रूपमा सेवा प्रारम्भ गरिएको हुने	
(८)	कार्यालयअन्तर्गत सञ्चालन गर्ने गरी आव २०७२।७३ का लागि स्वीकृत महिला विकास कार्यक्रम र लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रमको समष्टिगत ८० प्रतिशत प्रगति हासिल गर्ने	२०७३ असार	प्रगति अनुपात : आयोजनागत भारित प्रगति अनुपातको अङ्गणितीय औसत	
(९)	कार्यालयको असुल फछ्र्यौट हुन बाँकी लेखापरीक्षण बेरुजुको घटीमा ७० प्रतिशत असुल फछ्र्यौट गर्ने	२०७३ असार	फछ्र्यौट अनुपात : आव २०७२।७३ मा जिम्मेवारी सरिआएको बेरुजुबाट सम्परीक्षण भएको प्रतिशत	
(१०)	प्रत्येक गाउँपालिकाको सहजीकरण फाइल खडा गरी निर्धारित कागतपत्रसहित कार्यमूलक सिकाइ सङ्ग्रह गरेर सहजकर्ताको स्थानान्तरण हुँदा साबिकवालाले हालवालालाई बरबुझारथ गर्ने परिपाटी बसाल्ने	२०७३ वैशाख	अभिलेख अनुपात : कार्यक्षेत्रका गाउँपालिकामध्ये निर्धारित कागतपत्रसहित फाइल खडा गरिएकाको प्रतिशत	

७. कार्यान्वयन, सम्पादनको लेखाजोखा र प्रोत्साहन

यो सम्झौतामा उल्लेख भएबमोजिमका कार्यसम्पादन नतिजा हासिल गर्ने जिम्मेवारी प्रमुख महिला विकास अधिकृतको हुनेछ । अन्तर्गतका कर्मचारीले त्यसमा आ-आफ्नो तर्फबाट सहयोग पुऱ्याउने गरी प्रमुख महिला विकास अधिकृतले कार्य विभाजन गर्न सक्नेछन् । मातहतका कर्मचारीले तदनुसार कार्यसम्पादन गर्न नसकेकै कारण समष्टिगत लक्ष्य हासिल गर्ने प्रमुख महिला विकास अधिकृतको जिम्मेवारीमा भने कुनै असर पर्नेछैन ।

यो सम्झौता कार्यान्वयनको अन्तरिम समीक्षा छ महिनामा गरिनेछ भने अन्तिम समीक्षा एक वर्षमा गरिनेछ । अन्तरिम समीक्षाको प्रयोजनका लागि व्यतीत भएको अवधिभित्र सम्पन्न गर्ने भनिएका लक्ष्यहरूको मात्र आधार लिइनेछ । अन्तरिम होस् वा अन्तिम, समीक्षा गर्दा प्रत्येक कार्यलाई समान भार दिएर अङ्गणितीय औसत निकालिनेछ ।

समीक्षाको प्रयोजनार्थ प्रमुख महिला विकास अधिकृतले प्रत्येक अवधि सकिएको सात दिनभित्र कार्यप्रतिवेदन तयार पारी महानिर्देशकसमक्ष पेस गर्नुपर्नेछ । त्यसरी कार्यप्रतिवेदन पेस गर्दा कुनै कार्य आंशिक रूपमा सम्पन्न भएको रहेछ भने कति अंशमा सम्पन्न भएको हो, सोको गणनाको आधारसमेत खुलाएको हुनुपर्नेछ । प्रमुख महिला विकास अधिकृतले पेस गरेको कार्यप्रतिवेदन, त्यसमा संलग्न कुनै प्रमाण वा गणना विधि चित्तबुझ्दो नदेखेमा महानिर्देशकले थप पुष्टि मिल्ने प्रमाण माग गर्न, वैकल्पिक विधिबाट गणना गर्न वा पुनर्लेखन गर्न निर्देशन दिन सक्नेछ ।

कार्यसम्पादन स्तरका आधारमा प्रमुख महिला विकास अधिकृत देहायबमोजिम प्रोत्साहनभागी हुनेछन् :

- कार्यसम्पन्नता ९० प्रतिशत वा बेसी हुँदा उपयुक्त पुरस्कारको मनोनयनका लागि सम्भाव्य उम्मेदवारको रूपमा र
- कार्यसम्पन्नता ८० प्रतिशत वा बेसी हुँदा जिम्मेवारीको निरन्तरताको रूपमा ।

प्रमुख महिला विकास अधिकृत

महा-निर्देशक

यसमा लेखिएको कुनै कुराले प्रमुख महिला विकास अधिकृतलाई पुरस्कार वा जिम्मेवारीको निरन्तरता दिन बाध्यता भने पर्नेछैन ।

साथै काबुबाहिरको परिस्थिति नपरी समीक्षा अवधिमा सन्तोषजनक कार्यसम्पादन गर्न नसकेको खण्डमा कार्यक्षमताको न्यूनता मानी कार्यालय प्रमुखको जिम्मेवारी नदिने गरी निर्णय गर्न सकिनेछ ।

यो सम्झौता निजामती सेवा ऐन, २०४९ को दफा १५ को उपदफा (२) र निजामती सेवा नियमावली, २०५० को नियम ३४.ख का साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ११ मा व्यवस्था भएबमोजिम सम्पन्न गरिएको हो ।

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम्-

अनिता अधिकारी
प्रमुख महिला विकास अधिकृत
महिला तथा बालबालिका कार्यालय,
काठमाडौं ।

केशवप्रसाद रेग्मी
महानिर्देशक
महिला तथा बालबालिका विभाग
श्रीमहल, ललितपुर ।